**प्रस्तावहरु:**

२०८२/०८३-०७।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा
२०८२/०८३-०७।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।
२०८२/०८३-०७।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।
२०८२/०८३-०७।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधि/कर्मचारीहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।
२०८२/०८३-०७।०५ उन्नाइसौं (हिउँदे) गाउँसभा अधिवेशन सम्बन्धमा ।
२०८२/०८३-०७।०६ तपसिलका कार्यविधिहरू सम्बन्धमा ।

गर्भवती महिलाहरूलाई अण्डा वितरण सम्बन्धी कार्यविधि, २०८२
गाउँघर तथा खोप क्लिनिक सञ्चालन सम्बन्धी कार्यविधि, २०८२
बालबालिकाको पोषण सुधार सम्बन्धी कार्यविधि, २०८२
कृषि जैविक विविधता संरक्षण उपयोग, प्रवर्धन तथा कार्यक्रम सञ्चालन कार्यविधि,२०८२

२०८२/०८३-०७।०७ गोला सहितको मौरी घार र मौरीजन्य सामग्रीहरू अनुदानमा वितरणका लागि लाभग्राहीको तर्फबाट हुने लागत सहभागीताको रकम निर्धारण सम्बन्धमा ।
२०८२/०८३-०७।०८ विविध सम्बन्धमा ।

खर्च अनुमोदन/भुक्तानी सम्बन्धमा ।
जेष्ठ नागरिक न्यायो कपडा वितरण कार्यक्रम सम्बन्धमा ।

**निर्णयहरु:**

**कार्यपालिका निर्णय नं २०८२/०८३-७।०१**

प्रस्ताव नं २०८२/०८३-७।०१ उपर छलफल गर्दा १७४औं कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल गरी समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-७।०२**

प्रस्ताव नं २०८२/०८३-७।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउदै आएको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाह प्रणालीलाई थप परिष्कृत गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-७।०३**

प्रस्ताव नं २०८२/०८३-७।०३ उपर छलफल गर्दा सम्बन्धित संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-७।०४</u>**

प्रस्ताव नं २०८२/०८३-७।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए, गरेका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-७।०५</u>**

प्रस्ताव नं २०८२/०८३-७।०५ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको उन्नाइसौं गाउँसभा हिउँदे अधिवेशनको पहिलो वैठक तपसिलको मिति, समय र स्थानमा सञ्चालन हुने निर्णय गरियो ।

तपसिलः

मितिः २०८२।०९।२५ गते शुक्रबार

समयः विहान ११.०० बजेदेखि

स्थानः रूपा गाउँपालिका केन्द्र

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-७।०६</u>**

प्रस्ताव नं २०८२/०८३-७।०६ उपर छलफल गर्दा तपसिलका कार्यविधिहरू सम्बन्धित शाखाबाट प्राप्त मस्यौदा अध्ययन गरी संशोधन सहित स्वीकृत गरियो ।

तपसिलः

गर्भवती महिलाहरूलाई अण्डा वितरण सम्बन्धी कार्यविधि, २०८२
गाउँघर तथा खोप क्लिनिक सञ्चालन सम्बन्धी कार्यविधि, २०८२
बालबालिकाको पोषण सुधार सम्बन्धी कार्यविधि, २०८२
कृषि जैविक विविधता संरक्षण उपयोग, प्रवर्धन तथा कार्यक्रम सञ्चालन कार्यविधि,२०८२

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-७।०७</u>**

प्रस्ताव नं २०८२/०८३-७।०७ उपर छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को लागि गोला सहितको मौरी घार र मौरीजन्य सामग्रीहरू अनुदानमा वितरणका लागि लाभग्राहीको तर्फबाट तपसिलको लागत सहभागीताको रकम निर्धारण गरियो ।

तपसिलः

| क्र.स. | सामाग्रीको नाम | कृषकको लागत सहभागिता बापतको रकम रु. |
|---|---|---|
| १ | गोला सहित मौरी घार | ४००० |
| २ | खाली घार | १८०० |
| ३ | मह मदानी 4 फ्रेम सेरेना | ५५०० |
| ४ | मह मदानी 8 फ्रेम सेरेना | १२००० |
| ५ | आधार चाका बनाउने मेसिन | ३५०० |
| ६ | sealing Machine | ५००० |
| ७ | स्टयान्ड | २०० |
| ८ | धुवाँदानी | ८०० |
| ९ | मौरी टोपी | २०० |
| १० | मौरी छोप्ने झोला | २०० |

| | | |
|---|---|---|
| ११ | पन्जा | १५० |
| १२ | फिडर | ८० |
| १३ | मह छान्नी | २२० |
| १४ | मह भण्डारण गर्ने बकेट 10 litre | १५० |
| १५ | मह भण्डारण गर्ने बकेट 20 litre | २०० |
| १६ | मह प्याकिङ डिब्बा | १० |

**कार्यपालिका निर्णय नं २०८२/०८३-७।०८**

प्रस्ताव नं २०८२/०८३-७।०८ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) छोरी पेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम आर्थिक वर्ष २०८२/०८३ देखी कार्यान्वयन हुनेगरी छोरी पेवा कार्यक्रम सञ्चालनार्थ मिति २०८२/०८/२२ गते सेवा प्रदायक संस्थाको रूपमा सुचीकृत हुने सम्बन्धी सूचना जारी गरिएकोमा तोकिएको अवधिमा १ वटा मात्र संस्था (लक्ष्मी सनराइज बैंक) सेवा उपलब्ध गराउन मञ्जुर रहेको भनी निवेदन पेस गरेकाले उक्त बैंकसँग सम्झौता गरी कारबाही अगाडि बढाउने निर्णय गरियो ।

ख) मिति २०८२/०५/२३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा तपसिलका कार्यालयहरूमा भएको तोडफोड र आगजनीका क्रममा कार्यालयका सम्पुर्ण सामग्रीहरू पुर्ण रूपमा जलेर नष्ट भएकाले सेवा प्रवाहमा कठिनाइ भएको र दैनिक सेवा प्रवाह सूचारू गर्न आवश्यक पर्ने सामग्रीहरू खरिद गर्नुपर्ने देखिएकाले उक्त सामग्रीहरू खरिद गरी सेवा प्रवाह सूचारू गरेको भनी सो बापतको रकम भुक्तानी दिन अनुरोध भएको । सेवा प्रवाहमा आवश्यक सामग्री खरिद गरी सोको खरिद आदेश, दाखिला लगायतका कागजात सहित भुक्तानीका लागि निवेदन पेस गरेकाले देहायको खर्च रकम अनुमोदन गरी सम्बन्धित फर्मलाई भुक्तानी दिने निर्णय गरियो।

देहायः

| क्र स | कार्यालय | ठेगाना | खरिद भएका सामग्रीहरू | भुक्तानी हुने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कास्की जिल्ला अदालत | कास्की | कम्प्युटर जन्य सामग्रीहरू | ९९,९००/- | मेशिनरी औजार |
| २ | उच्च सरकारी वकिल कार्यालय | गण्डकी प्रदेश पोखरा | फर्निचरजन्य सामग्रीहरू | ६०,००३/- | फर्निचर्स एण्ड फिक्चर्स |

ग) रुपा गाउँपालिका कास्कीभित्र विभिन्न मितिमा घटेका विपद्जन्य घटनाहरूबाट भएको क्षतिका लागि राहत, काजक्रिया खर्च, औषधी उपचार खर्च र विभिन्न संघ संस्थाहरुले कार्यक्रम संचालन वापतको रकम भुक्तानी पाउँ भनि आवश्यक कागजात सहित तपसिलका व्यक्तिहरूले निवेदन पेस गरेकाले तपसिलमा उल्लिखित रकम कार्यपालिकाको निर्णयबाट हुने चालु खर्च शीर्षकबाट खर्च लेख्नेगरी भुक्तानी दिने निर्णय गरियो ।

तपसिलः

| क.सं. | निवेदकको विवरण | ठेगाना | सहायता विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुक बहादुर गुरुङ | रुपा ५ कास्की | आगलागी राहत | १५००० | |
| २ | राम बहादुर दमै | रुपा ५ कास्की | औषधी उपचार खर्च | १०००० | |
| ३ | मनोज गुरुङ | रुपा ५ कास्की | औषधी उपचार खर्च | २०००० | |
| ४ | पुरुषोत्तम रेग्मी | रुपा ४ कास्की | औषधी उपचार खर्च | २०००० | |
| ५ | रामजी प्रसाद तिमिल्सिना | रुपा ५ कास्की | औषधी उपचार खर्च | २०००० | |
| ६ | चन्द्र कुमार श्रेष्ठ | रुपा ५ कास्की | काजक्रिया खर्च | २०००० | |
| ७ | कुल बहादुर दमै | रुपा ४ कास्की | औषधी उपचार खर्च | २०००० | |
| ८ | लेखनाथ जेसिज | लेखनाथ कास्की | आँखा शिविर सञ्चालन | ३३००० | |
| ९ | बार्दलि मिडिया प्रा.लि. | पोखरा कास्की | कार्यक्रम संचालन खर्च | २०००० | |
| १० | नागरिक परोपकार समन्वय संस्था | लेखानाथ कास्की | शव बहान खर्च | ४५०० | |
| ११ | रुपाकोट रिसोर्ट | रुपा गा पा | अतिथी सत्कार खर्च | २७००० | |
| १२ | स्पार्क कम्पुटर ईन्टिच्यूट | | पुस्तक खरिद | १५००० | |
| १३ | पूर्ण बहादुर गुरुङ | रुपा ४ कास्की | आगलागी राहत | १५००० | |
| १४ | नेपाल रेडक्रस सोसाईटी रुपाकोट उपशाखा | रुपा ६ कास्की | रक्तदान कार्यक्रम संचालन खर्च | १५००० | |
| १५ | लिला पौडेल | रुपा ७ कास्की | हावाहुरी क्षती | १५००० | |
| १६ | सिता नेपाली | रुपा ६ कास्की | काजक्रिया खर्च | १५००० | |
| १७ | दोभान क्लब | रुपा ५ कास्की | कार्यक्रम संचालन खर्च | ९५००० | |

घ) रूपा गाउँपालिका वडा नं ३ निवासी झलकनाथ ढुंगानाको छोरा दिपेन्द्र ढुंगानाको खुट्टामा क्यान्सर भइ उपचारको क्रममा निजको देब्रे खुट्टा काटी कृत्रिम खुट्टा राखिएको र निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएकाले बिल भरपाइका आधारमा रकम रू १ लाख नबढ्ने र उद्दार राहत तथा पुनर्स्थापना खर्च शीर्षकबाट खर्च लेख्नेगरी आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

ङ) रूपा गाउँपालिका कास्कीका स्थायी नागरिकलाई सम्मान तथा सुरक्षाको प्रत्याभुति दिलाउने उद्देश्यका साथ ८० वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरूको लागि न्यानो कपडा (ब्ल्याङ्केट) वितरण गर्ने । उक्त कार्यका लागि चालु आर्थिक वर्षमा कार्यान्वयन गर्न विनियोजित बजेट अपुग हुने हुँदा आगामी गाउँसभाबाट अनुमोदन हुने र रकम रू ६ लाख नबढ्नेगरी स्रोत सुनिश्चितता गरी खरिदका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

मिति २०८२ पुष १३ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(विष्णु प्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की